स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका एलिना चौहानको गीत 'कट्टा हानिदिन्छु' माथि चोरीको आरोप लागेको छ । गायक विश्वराम कार्कीले उक्त गीत आफ्नो गीत 'कट्टा हानिदिन्छु' बाट हुबहुँ चोरिएको आरोप लगाएका हुन् । आफूले धेरै पहिले अडियोमा मात्र सार्वजनिक गरेको गीत कपी गरेर एलिनाको आवाजमा ल्याइएको कार्कीको भनाई छ । कार्कीले गीतमा मायामा मात्र थपिएको र अन्य सबै उस्तै भएको बताए । एलिनाको स्वर रहेको गीत 'कट्टा हानिदिन्छु' ओबी रायमाझी युट्युब च्यानलबाट सार्वजनिक भएको छ ।

**आजको विचार...**



प्रदीपराज कणेल

समृद्धिका...

(दुई पेजमा)



'साइँला' उपनामले परिचित अभिनेता गौरव पहारी बैवाहिक जीवनमा बाँधिएका छन् । मुलपानीस्थित नर्लिङ रिसोर्टमा उनले प्रेमिका श्रेणी खतिवडासँग लगनगाँठो कसेका हुन् । विवाह समारोहमा दुई पक्षका पारिवारिक सदस्य र केही फिल्मकर्मीको उपस्थिति थियो । गत असोज ३ गते उनीहरुले इन्गेजमेन्ट गरेका थिए । विवाहअघि यो जोडी तीन वर्षदेखि प्रेम सम्बन्धमा थियो । श्रेणी पेशाले जुम्बा (नृत्यका माध्यमबाट गरिने फिटनेस) प्रशिक्षक हुन् । गौरव भने अभिनयमा सक्रिय छन् । उनी पुराना अभिनेता टीका पहारीका छोरा हुन् ।

❒ वर्ष २९ ❒ अंक १८९ ❒ २०८० माघ २३ गते मंगलबार 6 February 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# जनताका समस्या र गुनासा सुन्दै समुदायमा काँग्रेस

रामचन्द्र रायमाझी

**पाल्पा,** माघ २२/सत्तारुढ दल नेपाली काँग्रेस यति बेला समुदायमा व्यस्त छ । काँग्रेस नेताहरु गाउँ-गाउँमा पुगेर जनताका अपेक्षा, सुझाव, गुनासा, समस्या सुन्ने/बुझ्ने काममा दिनहुँ व्यस्त रहेका हुन् ।

राष्ट्रिय अभियान अन्तर्गत देशभर नै काँग्रेस नेताहरु समुदायमा पुगेका छन् । यस अघि आन्तरिक राष्ट्रिय अभियान चलाएको काँग्रेस अहिले आफ्नो जनाधार नखस्कियोस् भन्ने उद्देश्य अनुरूप 'समुदायमा काँग्रेस' अभियान लिएर माघ १३ देखि समुदायमा पुगेको हो । नेपाली काँग्रेस पाल्पाले पनि माघ १६ गतेदेखि तानसेन नगरपालिका -६ गन्धर्व टोलबाट अभियानको थालनी गरेको थियो । केन्द्रिय सुपरीवेक्षकका रुपमा खटिएका नेपाली काँग्रेसका केन्द्रीय सदस्यहरु डा.डिला संग्रौला, अब्दुल रजाक लगायतका नेताहरुले पाल्पाको अभियान शुभारम्भ गरेका हुन् । अभियान शुभारम्भ भएसँगै काँग्रेसका नेताहरु अहिले समुदायमै व्यस्त देखिन्छन् ।



पाल्पा काँग्रेसले १० वटा पालिकाका ८१ वटै वडामा पार्टी प्रतिनिधि खटाएको छ । पार्टीको केन्द्रीय परिपत्र अनुसार समुदायमा काँग्रेस अभियानका लागि जिल्लाको सबै वडामा प्रतिनिधि खटाइएको पार्टीका जिल्ला सचिव सन्तोष थापा मगरले बताए । काँग्रेसले वडामा प्रतिनिधिका रुपमा जिल्लाका पदाधिकारी, जिल्ला सदस्य, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधिहरुलाई खटाएको सचिव थापाले एनजेडीसँगको कुराकानीमा बताए । उनले भने 'वडामा गएका प्रतिनिधिले वडा तहमा रहेका जनताको समस्या, समाधानको उपाय, पार्टीबाट निर्वाचित भएका जनप्रतिनिधि र पार्टीका कार्यकर्ताबिचमा रहेका मतभेद, कृषि, शिक्षा, स्वास्थ्य, सिँचाइ लगायतका समस्या समाधानका लागि पहल गर्ने काम गरिरहेका छन् ।'

काँग्रेसले भाषणलाई निरुत्साहित गर्दै जनताका कुराहरुलाई मात्र अभियानको प्राथामिकतामा राखेको छ । राजनीतिक दलहरुप्रति जनताको वितृष्ण पैदा भइरहेका बेला काँग्रेसले नेताका भाषाण नभई जनताका कुरा सुन्ने गरेकाले पनि यस पटकको अभियानमा जनताहरु उत्साहित हुँदै सहभागी भएका छन् । नेताहरुसँग जनताले निर्धक्कसँग आफ्ना गुनासा, समस्या राख्ने गरेको अभियानको निरिक्षण गर्न समुदायमा पुगेका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए । उनले भने 'यति बेला जनताहरु आफ्ना गुनासा, समस्या राख्न उत्साहित भएर आउनुभएको छ, हामी उहाँहरुका कुराहरु सुनिरहेका छौं र टिपोट गरेर तत्काल समाधान गर्न मिल्ने समस्या त्यहीबाटै समाधान समेत गर्ने गरेका छौं ।' सभापति श्रेष्ठले 'समुदायमा कांग्रेस' अभियान भुइँमान्छेका समस्या र गुनासा सुन्नका लागि भएको बताए । यस अभियानबाट जागरण र परिवर्तन आउनेमा उनले विश्वास व्यक्त गरे । उनले काँग्रेसको यो अभियान भीडसँगको कार्यक्रम नभई जनतासँगको कार्यक्रम भएको स्पष्ट पारे । सभापति श्रेष्ठले अन्य दलले निर्वाचनलाई मिसन बनाउँदा यो हविगत भएको स्मरण गर्दै नेपाली काँग्रेसले अद्यावधिक निर्वाचनलाई मिसन नबनाई जनताका माग र समस्यालाई मिसन बनाएको जिकिर गरे । पार्टीको लागि आएका राय सुझाव आगामी फागुन ७ गतेदेखि हुने नीति महाधिवेशनमा प्रस्तुत गरिने समेत उनले बताए । अभियान अन्तर्गत काँग्रेस आगालागी पिडितदेखि कसैको निधन हुँदा दुखमा सामेल हुन समेत गाउँ गाउँमा पुग्ने गरेको छ ।

उता गुल्मी काँग्रेसले पनि माघ १७ गतेदेखि अभियानको थालनी गरेको छ । 'गुल्मी काँग्रेसको अठोट, सवल वडा, सक्षम टोल' भन्ने अभियानलाई निरन्तरता दिदै आएको काँग्रेसले देशव्यापी रुपमा सञ्चालनमा आएको 'समुदायमा काँग्रेस' अभियानलाई जिल्लाका सबै वडा, टोलमा प्रतिनिधिमार्फत पुऱ्याएको छ । जिल्लाका प्राध्यापक, शिक्षक र दलित समुदायमा पुगेर उनीहरुसँग राय, सल्लाह लिदै अभियानको शुभारम्भ गरेको काँग्रेस नेताहरु यति बेला जनताका कुरा सुन्न समुदायमा व्यस्त छन् । खुला छलफल, समूहगत छलफल, निर्दिष्ट भेटघाट, सेवा प्रवाह अवलोकन वडा कार्यालय भ्रमण र संवादका कार्यलाई तिव्रताका साथ अगाडि बढाइएको जिल्ला सचिव जगदीश भट्टराईले बताए । समुदाय र स्थानीय जनताको अपेक्षा, सुझाव तथा चासो सुन्न नेताहरु वडा वडामा व्यस्त रहेका उनले बताए । सचिव भट्टराईले भने 'सेवा प्रवाह, विकास निर्माणको स्तर, समुदायमा भइरहेको वास्तविक अभ्यासलाई अवलोकन गर्ने, जनताबाट प्राप्त सुझावलाई कार्यान्वयन गर्न तत्काल कदम चाल्ने र नीति निर्माणका क्रममा महासमिति बैठकलगायतलाई निर्देशन दिइने अभियानको उद्देश्य हो ।' तीनै तहका सरकारसँग जनताका अपेक्षा, सुझाव, गुनासो सुन्ने/बुझ्ने, जनताबाट प्राप्त सुझावलाई तत्तत् तहका सरकारमा पुऱ्याउने, सरकारमा रहेका ठाउँमा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा अग्रसरता लिने, पार्टी प्रतिपक्षमा रहेका ठाउँमा पार्टीको तर्फबाट समाधानका लागि पहलकदमी लिने लगायतका उद्धेश्य अभियानको रहेको छ । केन्द्रबाट खटिएका प्रतिनिधिले स्थानीय स्तरमा सेवा प्रवाहको अवस्था, विकास निर्माण, समुदायस्तरमा भएका सकारात्मक प्रयास, उपलब्धि र अभ्यासको अवलोकन गर्ने गरेका छन् । जनताबाट आएका सल्लाह, सुझाव, गुनासाहरू सुन्ने, पार्टीले गरेका प्रयास र उपलब्धि बताउने, भ्रमहरू चिर्ने काँग्रेसले अभियानबाट अपेक्षा राखेको छ । सुशील कोइरालाको स्मृति दिवसको दिन माघ २६ गते अभियान सकिने छ ।

## सक्षिप्त समाचार

### सडक दुर्घटनामा पाँच जनाको मृत्यु



(रासस/सिन्हृवा)

**नयाँदिल्ली,** माघ २२/भारतको उत्तर प्रदेश राज्यको कार दुर्घटनामा परी चार बालबालिकासहित कम्तीमा ५ जनाको मृत्यु भएको स्थानीय प्रहरीले सोमबार जनाएको छ । कानपुर जिल्लामा वर्षा र कुहिरोका कारण दृश्यतामा कमी आउँदा सडक दुर्घटना भएको हुनसक्ने प्रहरीले घटनास्थलको प्रारम्भिक निरीक्षणपछि बताएको छ । प्रहरीका अनुसार दुर्घटनामा घाइते भएका दुई किशोरलाई स्थानीयले उद्धार गरी स्थानीय अस्पतालमा भर्ना गरेका छन् ।

छिमेकी राज्य मध्य प्रदेशमा विवाह पूर्वको समारोहबाट फर्किरहेका उनीहरूको गाडी दुर्घटनामा परेको थियो । उत्तर भारतका धेरै भागहरूमा विगत केही दिनदेखि बिहानको समयमा बाक्लो कुहिरो लागिरहेको छ । यसले हवाई, रेल र सडक यातायातमा प्रतिकूल प्रभाव पारेको छ । उत्तर भारतका पहाडी राज्यहरू हिमाचल प्रदेश र उत्तराखण्डका केही क्षेत्रहरूमा शनिबारदेखि हिमपात भइरहेको छ ।

## पत्रकार अर्याल पुरस्कृत



**पाल्पा,** माघ २२/पाल्पाली पत्रकार माधव अर्याल सिर्जनशील पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका छन् । प्रदेशको सातौं स्थापना दिवसको अवसरमा लुम्बिनी प्रदेश सरकारले आइतबार राप्ती उपत्यका दाङको देउखुरीमा एक कार्यक्रमका बीच अर्याललाई उक्त पुरस्कारबाट पुरस्कृत गरेको हो ।

नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष, कान्तिपुर दैनिकका उपसम्पादक समेत रहेका अर्यालले लुम्बिनी प्रदेशको विकासमा पत्रकारिताको माध्यमबाट पुऱ्याएको योगदानको कदर स्वरुप प्रदेश सरकारले प्रदान गर्ने सृजनशील पत्रकारिता पुरस्कारबाट पुरस्कृत गरिएको प्रदेश सरकार गृहमन्त्रालयको सञ्चार शाखाका अधिकृत कालीदास बस्यालले बताए । उनलाई प्रदेश प्रमुख अमिक शेरचन र मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले पुरस्कार प्रदान गरेका थिए । दुई दशक भन्दा बढी समयदेखि व्यवसायिक पत्रकारिता गर्दै आएका अर्यालले आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर गरेका छन् । राष्ट्रिय, क्षेत्रीय, जिल्ला र विभिन्न क्षेत्रबाट समेत उनी पुरस्कृत तथा सम्मानित हुँदै आएका छन् । प्रदेश सरकारले अर्यालसहित १३ जना पत्रकार समेत पुरस्कृत गरेको छ । पुरस्कृत हुनेहरुमा अर्घाखाँचीका वीरेन्द्र केसी, रुपन्देहीका तेजेन्द्र केसी, बाँकेका अर्जुन ओली, लमहीका चुमा आचार्य, दाङका दशरथ घिमिरे, भैरहवाका रविन्द्रप्रसाद गुप्ता, रुकुमपूर्वका जयमान बुढा मगर, नेपालगञ्जका सिराजुद्दिन खान, प्युठानका मधुसुदन भण्डारी, बर्दियाका रामप्रसाद चौहान र कपिलवस्तुका भुसाल थापा रहेका छन् । अग्रज पत्रकार पुरस्कार भने दाङ लमहीका कृष्णप्रसाद घिमिरेलाई प्रदान गरिएको छ । घिमिरेलाई १ लाख नगद र अन्य १२ जनालाई ५० हजार नगदसहित पुरस्कृत गरिएको हो ।

## संघीय संसद्को हिउँदे अधिवेशन सुरू

**पाल्पा,** माघ २२/संघीय संसद्को हिउँदे अधिवेशन सोमबारदेखि सुरु भएको छ । संघीय संसद् भवन नयाँ बानेश्वरमा प्रतिनिधि सभाको तेस्रो तथा राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशन सुरु भएको हो ।

प्रतिनिधि सभामा सभामुख देवराज घिमिरे र राष्ट्रिय सभामा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले छुट्टाछुट्टै बैठकमा सांसदलाई स्वागत गर्दै राष्ट्रपति कार्यालय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त पत्र पढेर सुनाएका थिए । संघीय संसद् अन्तर्गतको प्रतिनिधिसभाको सोमबारको बैठकमा सभामुख देवराज घिमिरेले प्रतिनिधिसभा



नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन गरेका छन् । बैठकमा राष्ट्रियसभामा उत्पत्ति भएको विद्युतीय व्यापार विधेयक, २०८० र राष्ट्रिय मर्यादासम्बन्धी विधेयक, २०७९ का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल भएको छ । बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महतले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० पेस गरे । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले मन्त्रिपरिषद्को निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काऊ फुकाऊ आदेश सदनमा पेस गरेका छन् । सो क्रममा सभामुख घिमिरेले विगतका दुई अधिवेशनमा संसद नियमावलीको निर्माण तथा विषयगत समितिहरूले पूर्णता पाएसँगै संसदीय गतिविधिहरू क्रियाशील र जीवन्त हुँदै गएको महसुस गरेको बताए । उनले चालू अधिवेशनमा मुलुकलाई आवश्यक कानुन निर्माण गर्ने र संसदीय गतिविधिहरूलाई थप प्रभावकारी र व्यवस्थित बनाउने प्रण गर्न जरुरी देखेको धारणा राखे । अर्को बैठक माघ २४ गते बुधबार बिहान ११ बजे बस्नेछ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## इन्टरनेटको सुरक्षित प्रयोग गरौं

हरेक फेब्रुअरी महिनाको दोस्रो हप्ता विश्वभर सुरक्षित इन्टरनेट दिवस मनाइन्छ । यसवर्षको दिवस विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर मनाइँदै छ । विश्वभर नै इन्टरनेट चलाउनेको संख्या बढ्दै गएपछि त्यसको कसरी सुरक्षित प्रयोग गर्न सकिन्छ भन्ने चेतना जगाउने उद्देश्यसहित यो मनाउन थालिएको हो । यस दिन विश्वका धेरै देशले इन्टरनेट प्रयोग गर्दा भएका कठिनाइ, समस्या र असुरक्षाका विषयमा विभिन्न किसिमका कार्यक्रम आयोजना गर्छन् । इन्टरनेट सुरक्षासँग सम्बन्धित रहेर मानिसलाई सचेत बनाउने विभिन्न किसिमका सामग्री पनि प्रस्तुत गर्छन् । सूचना प्रविधिकै कारण विश्व साघुरो घेरामा सिमित बन्न पुगेको छ । नेपालले पनि सूचना प्रविधिलाई पछ्याउँदै अगाडि बढेको अवस्था छ । इन्टरनेट तथा अनलाइनको माध्यमबाट धेरै कामहरु छिटो छरितो र सहज भएका छन् । यो आफैमा सकारात्मक पक्ष हो । तर अनलाइनको प्रयोगबाट केही नकरात्मक काम पनि नभएका भने होइन । अनलाइनकै माध्यमबाट धेरै अपराधिक क्रियाकलापहरु भएका छन् । यस्तो हुनु दुःखद् हो । सूचना प्रविधिमार्फत नै नयाँ कुराहरू सिक्ने, नयाँ मानिसहरू भेट्ने, पुग्न नसकेका ठाउँहरूको बारेमा थाहा पाउने लगायतका अवसरहरू प्राप्त गरिएको छ । तर, उचित सूचना वा मार्गदर्शन नहुँदा इन्टरनेट जगतमा दुर्व्यवहार, शोषण तथा हिंसा जस्ता विभिन्न जोखिमहरूको पनि सामना गर्नु परेको यर्थात छ । इन्टरनेटको सुरक्षित प्रयोग गर्नको लागि आफूले इन्टरनेटमा गर्ने गतिविधिले आफूलाई के प्रभाव पार्छ भन्ने कुरा बुझ्न आवश्यक छ ।

अझ, सामाजिक सञ्जालका कारण समेत इन्टरनेटको अपरिहार्यता बढ्दै गएको वर्तमान स्थितिमा त्यसबाट पन्छिन अबका दिनमा त्यति सहज पक्कै पनि हुनेछैन । आजको युगलाई सूचना तथा प्रविधिबाट अलग राखेर हेर्न मिल्दैन । त्यसमा पनि इन्टरनेटबिना त वर्तमान समयलाई सोच्नसम्म पनि नसकिने अवस्था आएको छ । प्रायः सबै कामकुरा डिजिटल प्रविधिमै निर्भर रहनुपर्ने बाध्यात्मक अवस्थाका कारण वर्तमानमा इन्टरनेट कति सुरक्षित छ भन्ने प्रश्न उठ्नु अस्वाभाविक छैन । सकारात्मक प्रयोग गरे सही परिणाम आउने र नकारात्मक प्रयोग गरे गलत नतिजा नै प्रकट हुने अवस्थालाई इन्टरनेटरुपी सञ्जालको विस्तार र पहुँच बढ्दै गर्दा सोच्नुपर्ने विषय बनिरहेको छ । इन्टरनेटलाई सुरक्षितरुपमा प्रयोग र उपयोगको स्थल बनाउन सकियो भने मात्र सुरक्षित इन्टरनेट दिवस मनाउनुको औचित्य रहन्छ । तसर्थ इन्टरनेटको सुरक्षित प्रयोगतर्फ सबैले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

जिन्दगी हो बाचुञ्जेल दु:ख त भइहाल्छ नि,
नत्र मरेसी त आफु जलेको पनि महशुस हुन्न... ।

*(विकास आले मगरको फेसबुक स्टाटसबाट https://www.facebook.com/Bikash.ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समृद्धिका लागि हिंसा कि अहिंसा ?



**प्रदीपराज कणेल**

*भारत स्वतन्त्र हुँदा भारत र पाकिस्तान सँगसँगै विभाजित पनि भए, सो तत्कालीन जातीय बाहुल्य तथा भूराजनीतिको प्रतिफल थियो । सोही दुष्चक्रबाट अहिंसा आन्दोलनका प्रवर्तक महात्मा गान्धीको ३० जनवरी १९४८ का दिन गोली प्रहार गरियो । गान्धीको हत्या भए पनि उनको दर्शन र सिद्धान्त जीवन्त छ । विश्व व्यवस्थामा असंलग्न आन्दोलन र 'कलम ठुलो कि तरबार' भन्ने विपरीत मान्यता पनि छ । नेपालको भौगोलिक एकीकरणदेखि हालसम्मको शक्ति संघर्षको विकास क्रमले समृद्धिका लागि हिंसा कि अहिंसा भन्ने प्रश्न खडा गर्छ । जहाँ द्वन्द्व हुन्छ, त्यहींबाट यसको रूपान्तरण पनि हुन्छ । हिंसापछि सङ्क्रमण लम्बिनु स्वाभाविक रहन्छ, किनकि त्यहाँ द्वन्द्वरत पक्षहरूको घाउको आलो हट्न र आपसी भाइचारा पूर्ववत् अवस्थामा फर्कन समय लाग्छ । उता अहिंसा आन्दोलन लम्बिन सक्छ, यद्यपि यसले कम्पन ल्याइदिन्छ तर क्षति कम हुन्छ ।*

द्वन्द्व, हिंसा र युद्धभन्दा अहिंसाको शक्ति व्यापक छ । अहिंसाकै प्रचुरताले विश्व व्यवस्था र मुलुकका आन्तरिक मामिला टिकेका छन् । सुखी हुनु र खुसी हुनु फरक मान्यता हो । सुखको कुनै सीमा हुँदैन, स-साना प्राप्तिमा पनि मानिस खुसी हुन सक्छ । यसैले आजकाल खुसी समाज र राष्ट्रको परिकल्पना गरिन्छ । समृद्धि बहुआयामिक हुन्छ । यो मानवीय, वित्तीय, भौतिक तथा समग्र जीवनशैलीको समतामूलक उन्नति र खुसीसँग सम्बन्धित छ । सन् १९२३ मा अन्तर्राष्ट्रिय मुद्रा कोषले खुसीको सन्दर्भमा 'समृद्धि'बारे तयार गरेको सूचकले आर्थिक वृद्धि, समतामूलक वितरण र मानव विकासका आयामलाई प्राथमिकतामा राखेको छ । सशस्त्र द्वन्द्वबाट परिवर्तन हुन सक्ला तर त्यसपछि शान्ति निर्माणमा विलम्ब हुन्छ भन्नेतर्फ सचेत हुन आवश्यक छ । शान्ति बिना समृद्धिको परिकल्पना गर्न सकिँदैन । परिवर्तनको सन्दर्भमा सम्भावित क्षति वा जोखिमको न्यूनीकरणका लागि अहिंसा उत्तम विकल्प हुनुपर्छ । यस मान्यतालाई सञ्जालीकरण गरिन आवश्यक देखिन्छ ।

**दुई छिमेकी, विश्व परिदृश्य र नेपाल**

माओत्सेतुङको नेतृत्वमा चिनियाँ जनक्रान्ति हुँदा 'सत्ता बन्दुकको नालबाट जन्मन्छ' भन्ने मान्यता स्थापित थियो । सो जनक्रान्तिले हजारौं मानिसको ज्यान लियो । ब्रिटिस उपनिवेशबाट मुक्तिका लागि भारतमा केही चरम पन्थीबाट शक्ति संघर्ष आन्दोलन समेत छेडिएको थियो । खासगरी महात्मा गान्धीको नेतृत्वमा भएको अहिंसात्मक आन्दोलनले अन्ततः १५ अगस्त १९४७ मा भारत स्वतन्त्र हुन पुग्यो । भारत स्वतन्त्र हुँदा भारत र पाकिस्तान सँगसँगै विभाजित पनि भए, सो तत्कालीन जातीय बाहुल्य तथा भूराजनीतिको प्रतिफल थियो । सोही दुष्चक्रबाट अहिंसा आन्दोलनका प्रवर्तक महात्मा गान्धीको ३० जनवरी १९४८ का दिन गोली प्रहार गरियो । गान्धीको हत्या भए पनि उनको दर्शन र सिद्धान्त जीवन्त छ ।

विश्व व्यवस्थामा असंलग्न आन्दोलन र 'कलम ठुलो कि तरबार' भन्ने विपरीत मान्यता पनि छ । नेपालको भौगोलिक एकीकरणदेखि हालसम्मको शक्ति संघर्षको विकास क्रमले समृद्धिका लागि हिंसा कि अहिंसा भन्ने प्रश्न खडा गर्छ । जहाँ द्वन्द्व हुन्छ, त्यहींबाट यसको रूपान्तरण पनि हुन्छ । हिंसापछि सङ्क्रमण लम्बिनु स्वाभाविक रहन्छ, किनकि त्यहाँ द्वन्द्वरत पक्षहरूको घाउको आलो हट्न र आपसी भाइचारा पूर्ववत् अवस्थामा फर्कन समय लाग्छ । उता अहिंसा आन्दोलन लम्बिन सक्छ, यद्यपि यसले कम्पन ल्याइदिन्छ तर क्षति कम हुन्छ । यस प्रवृत्तिको आन्दोलनपश्चात् द्वन्द्व रूपान्तरण सहज हुन्छ ।

**द्वन्द्व र शान्ति**

एउटा प्रचलित मान्यता छ- द्वन्द्व अवश्यम्भावी हुन्छ तर शान्ति पुनर्स्थापित गरिन्छ । फरक दृष्टिले हेर्ने हो भने यहाँ किन शान्तिलाई अवश्यम्भावी मानिँदैन ? निश्चित हदसम्मको सकारात्मक द्वन्द्वले संगठनात्मक उपलब्धि हासिल गर्न मद्दत पुग्छ, तर बढ्दै जाने द्वन्द्वले हिंसा र सशस्त्र द्वन्द्व निम्त्याउन सक्छ । अन्ततः द्वन्द्व रूपान्तरणलाई नै केन्द्रबिन्दुमा राखिनुपर्छ । मानव सभ्यता र राज्य व्यवस्थाको विकासक्रमसँगै खासगरी २०औं शताब्दीको मध्यकालीन समयदेखि जोहान गल्टुङ र २०औं शताब्दीको अन्त्यताकादेखि जोन पाउल लेडरेकसम्मका विचारकको दृष्टिकोण शान्ति पुनर्निर्माण तथा शान्ति पुनर्स्थापनातर्फ नै केन्द्रित पाइन्छ । यस सन्दर्भमा सुरुवाती चरणमा वार्ता हुने क्रममा मूल्य दाबी गर्नेभन्दा पनि मूल्य सिर्जना गर्न द्वन्द्वरत पक्ष संवेदनशील हुन आवश्यक छ ।

जोन पाउल लेडरेकले सन् १९९२ मा अघि सारेको अवधारणाले भन्छ– द्वन्द्व समाधानका लागि केन्द्रीय, मध्यम एवं स्थानीय स्तरमा विभिन्न चरणमा सरोकारवालाहरूबिच सघन वार्ता हुनुपर्छ । यसका लागि सरकार र सरोकारवाला समेत संलग्न हुनुपर्छ । सरकारबाहेकका अन्य निकाय वा माध्यमबाट हुने विभिन्न तहका कूटनीतिले द्वन्द्व रूपान्तरणमा सार्थक सहयोग पुग्छ । यस्तै, अहिंसा आन्दोलनका क्रममा पनि द्वन्द्व रूपान्तरण र शान्ति पुन:स्थापनाका चरण एवं माध्यम अवलम्बन गरिन्छ । यी सबै मान्यता द्वन्द्व रूपान्तरण र शान्ति पुन:स्थापनातर्फका विकसित मान्यता हुन्, जसलाई परिस्थिति अनुकूल प्रयोग गरिनुपर्छ ।

**अहिंसा सम्बन्धी मान्यता**

मानव सभ्यताको सुरुवातदेखि नै हिंसा र अहिंसा सँगसँगै अघि बढेको पाइन्छ । अहिंसाका पक्षधरहरू शान्तिपूर्ण आन्दोलनबाट पनि परिवर्तन अवश्यम्भावी हुने विश्वास राख्छन् । शान्त रहनु मात्र अहिंसा होइन, अहिंसा भनेको शान्तिपूर्वक प्रतिरोध गर्न सक्ने क्षमता हो ।

अहिंसालाई सकारात्मक शान्तिको रूपमा लिइन्छ र शान्ति निर्माणमा यसको महत्त्वपूर्ण स्थान रहन्छ । शान्ति निर्माणका सन्दर्भमा अहिंसा सम्बद्ध केही सिद्धान्त छन् । सकारात्मक शान्ति, सहभागितामूलक दृष्टिकोण, रूपान्तरित न्याय र दिगो शान्तिसम्बन्धी मान्यताका आधारमा शान्ति निर्माण गर्न सकिन्छ । जटिल द्वन्द्वको परिस्थितिमा अहिंसाका सिद्धान्तहरू कार्यान्वयनमा लैजान चुनौतीपूर्ण हुन्छ । यसका लागि अनुकूलन एवं रणनीतिक योजना आवश्यक हुने भनी एकरम्यान लगायतका विचारकको समालोचनात्मक धारणा पाइन्छ । शान्तिको संस्कृति जगेर्ना गर्न समय लाग्छ । यसका लागि दिगो योगदान र सामुदायिक लगनशीलता आवश्यक पर्नेमा लेडरेकले जोड दिएका छन् । अहिंसाबाट सकारात्मक परिवर्तन हुनेतर्फ चेनोवेथ र स्टेफेनले औंल्याएका छन् । महात्मा गान्धीले अघि सारेको अहिंसात्मक आन्दोलन राजनीतिक दर्शनका रूपमा स्थापित भएको छ । गान्धीले अहिंसालाई सत्याग्रहको रूपमा लिएका छन् । सत्याग्रह भनेको सत्यको खोजी गर्ने शान्तिपूर्ण माध्यम हो । महात्मा गान्धीको अहिंसा आन्दोलनलाई राजनीतिक दर्शन, अभियान र आन्दोलनको मुटुको रूपमा लिइन्छ । सत्य, अहिंसा, स्वराज अर्थात् स्वशासन, स्वयं आत्मनिर्भरता र निडरता गान्धीका अहिंसासम्बन्धी मार्गदर्शक सिद्धान्त हुन् । यसका लागि गान्धीले सत्याग्रह आन्दोलन, आफैंले दु:ख पाउनेजस्तो अहिंसा, सामाजिक र आर्थिक विकासका लागि चर्खा विकास तथा अन्य सामुदायिक विकास कार्यक्रमको अवलम्बन, असहयोग अभियानजस्ता माध्यम अवलम्बन गरेका थिए । मार्टिन लुथर किङ द्वितीय समेत गान्धी विचारधाराबाट प्रभावित भएका थिए । घटना र परिदृश्य फरक रहने भए पनि देश, काल, परिस्थितिअनुरूप अहिंसा आन्दोलन शान्तिपूर्ण परिवर्तनका लागि कोसेढुंगाका रूपमा छ ।

**नेपालको सन्दर्भमा समृद्धिका लागि अहिंसा**

नेपालको राजनीतिक इतिहासमा अहिंसालाई बेलाबखत प्रयोग गर्ने गरिएका दृष्टान्त छन् । उदाहरणका रूपमा नेपाली कांग्रेसद्वारा २०४२ मा आयोजित सत्याग्रह, जनमत पार्टीका अध्यक्ष सीके राउतको अहिंसा आन्दोलन, आ-आफ्ना माग पूरा गराउन वा सरोकारवालाहरूको ध्यानाकर्षण गर्न विभिन्न समूह वा निकायले बेलाबखत गर्ने धर्ना, भोक हडताल, र्‍याली इत्यादिलाई लिन सकिन्छ । १९०३ सालको कोतपर्व, २००७ सालको राणाविरोधी आन्दोलन, २०२८ सालताकाको झापा केन्द्रित कम्युनिस्ट आन्दोलन, तत्कालीन नेकपा माओवादीको सशस्त्र विद्रोह, भूमिगत समूहहरूका गतिविधि लगायत घटनालाई हिंसायुक्त आन्दोलनका रूपमा लिइन्छ ।

हिंसापूर्ण आन्दोलनले ठुलो मात्रामा क्षति पुग्छ । यस्तै परिवर्तनको संघारमा सङ्क्रमण रहने र शान्तिप्रक्रिया लम्बिने, हरेक परिवर्तनका लागि सशस्त्र विद्रोह वा क्रान्तिलाई नै विकल्प बनाउँदा सधैं अस्थिरता भइरहने हुन्छ । त्यसैले सुशासनका माध्यमबाट जनभावनाको सम्बोधन गर्ने प्रवृत्तिलाई निरन्तरता दिए मात्र समृद्धि हासिल गर्न सकिन्छ । अन्तर्राष्ट्रिय शक्ति संघर्ष र आन्तरिक द्वन्द्वमा देखिने हिंसा अन्त्य गर्न अनि समृद्ध समाज तथा राष्ट्र निर्माण गर्न अहिंसाको औचित्य सधैं रहिरहनेछ । राष्ट्रिय सुरक्षाको नवीनतम अवधारणा अन्तर्गतको 'मानव केन्द्रित' सुरक्षाको उपलब्धि हासिल गर्न पनि अहिंसा दर्शन जीवन्त हुन आवश्यक छ । यसका लागि बहुस्तरीय शासनको मूल्य र मान्यता अवलम्बन गरिनुपर्छ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : क्षमता प्रदर्शन गर्ने क्रममा पदोन्नतिको ढोका खोलिनेछ । | **तुला** : अभिभावकको सुझावले उचाइमा पुर्‍याउन सहयोग गर्नेछ । |
| **वृष** : आज धार्मिक यात्राको योग छ । आतिथ्यपूर्ण सम्मान पाइएला । | **वृश्चिक** : सद्विचारले अभिप्रेरित हुनेहरूलाई विस्तारै लाभ हुनेछ । |
| **मिथुन** : आज कार्यमा अवरोधका र स्वास्थ्यमा पनि प्रतिकूलता रहने देखिन्छ । | **धनु** : नजिकको व्यक्तिबाट धोका मिल्नसक्छ सचेत रहनुहोला । |
| **कर्कट** : आज लक्ष्मी प्रसन्न हुने योग छ । महत्वपूर्ण कामको थालनी हुनेछ । | **मकर** : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। नयाँ काम सुरु गर्ने समय पनि छ। |
| **सिंह** : आज धार्मिक कार्य सफल रहनेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **कुम्भ** : बौद्धिक काममा सफलता मिल्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला। |
| **कन्या** : प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । | **मीन** : शुभकार्यको चर्चा चल्नेछ । काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । |




# संसार बदल्ने फेसबुकका २० वर्ष




सामाजिक सञ्जाल फेसबुकको जन्म भएको २० वर्ष भएको छ । मार्क जुकरबर्गले केही साथीसँग मिलेर फेसबुक सञ्चालनमा ल्याएका थिए । सुरुमा यसको नाम 'द फेसबुक' थियो । सञ्चालनमा आएको २० वर्षमा फेसबुक सबैभन्दा लोकप्रिय 'सामाजिक सञ्जाल' प्लेटफर्म बनेको छ । यसबीचमा फेसबुकको दर्जनौंपटक 'रिडिजाइन' भएको छ । सुरुदेखि हालसम्म फेसबुकको उद्देश्य एउटै छ- मानिसहरूलाई अनलाइनमार्फत एकआपसमा मिलाउने । विश्वका मानिसहरूबीच सम्पर्क स्थापित गर्ने र विज्ञापनमार्फत धन आर्जन गर्ने । फेसबुक नचलाउने विश्वमा कमै छन् । पछिल्लो २० वर्षको अवधिमा फेसबुकका कारण विश्वमा धेरै परिवर्तन आएको छ ।

**१) फेसबुकले बदल्यो सोसल मिडियाको खेल**

फेसबुक आउनुअघि 'माइस्पेस' जस्ता सामाजिक सञ्जाल प्रयोगमा थिए । सन् २००४ मा मार्क जुकरबर्गको सामाजिक सञ्जाल फेसबुक सञ्चालनमा ल्याए । सञ्चालन आएलगत्तै यसले गति समात्यो । र, देखायो सामाजिक सञ्जालले कस्तो दबदबा बनाउन सक्छ । सञ्चालनको एक वर्ष नपुग्दै फेसबुक प्रयोगकर्ताको संख्या १० लाख पुगेको थियो । चार वर्षमा यसले 'माइस्पेस'लाई पछाडि पारिसकेको थियो । यो सफलता दिलाउन फेसबुकका केही खास खुबीले काम गरेका थिए । यसमध्ये एउटा थियो फोटोमा 'ट्याग' गर्न मिल्ने सुविधा । राति बाहिर निस्कँदा डिजिटल क्यामरा साथमा राख्नु, तस्बिर खिच्नु र फेसबुकमा राखी आफ्ना साथीहरूलाई ट्याग गर्नु सन् २००० को दशकको अन्तिम वर्षहरूमा टिनएजर्सको दैनिकीजस्तै थियो । सन् २०१२ सम्म आइपुग्दा फेसबुक प्रयोगकर्ताको संख्या एक अर्ब नाघिसकेको थियो । सन् २०२१ को अन्ततिर पहिलोपटक फेसबुकको सक्रिय प्रयोगकर्ताको संख्या १.९२ अर्बमा झरेको थियो । यसलाई बिर्सने हो भने बाँकी समय फेसबुकका प्रयोगकर्ता लगातार बढी नै रहेका छन् । जुन देश 'कनेक्टिभिटी'को मामिलामा पछि परेका थिए, फेसबुकले त्यहाँ निःशुल्क इन्टरनेटको प्रस्ताव गरेको थियो । यसैकारण पनि फेसबुक आफ्नो प्रयोगकर्ताको संख्या निरन्तर बढाउन सफल भएको देखिन्छ । सन् २०२३ को अन्तमा फेसबुकले दिएको जानकारी अनुसार, यसका दुई अर्बभन्दा बढी प्रयोगकर्ता छन् । यी प्रयोगकर्ताले हरेक दिन फेसबुक चलाउँछन् । यसका बाबजुद पनि एउटा सत्य के हो भने फेसबुक पहिलेजस्तो अहिले युवाहरूबीच लोकप्रिय छैन । तर, पनि फेसबुक विश्वको सबैभन्दा लोकप्रिय सामाजिक सञ्जाल हो र यसमा हुने अनलाइन क्रियाकलापले नयाँ युगको ढोका खोलेको छ । केही मानिस फेसबुक तथा यससँग प्रतिस्पर्धा गरिरहेका अन्य सामाजिक सञ्जाललाई कनेक्टिभिटी मजबुत बनाउने औजारको रूपमा व्याख्या गर्छन् । केही भने यसलाई 'लत' भन्ने गरेका छन् । यो लत विध्वंसको एजेन्ट भएको उनीहरूको धारणा छ ।

**२) व्यक्तिगत डेटालाई मूल्यवान बनायो, तर गोपनीयतामा हस्तक्षेप**

फेसबुकले हामीलाई मन पर्ने र मन नपर्ने जानकारी संकलन गर्नु निकै फाइदाजनक रहेको प्रमाणित गरेको छ । आजकाल फेसबुकको मूल कम्पनी 'मेटा' विज्ञापन संसारको राजा बनेको छ । मेटा र गुगलजस्ता कम्पनीहरूले विश्वव्यापी रूपमा विज्ञापनमा खर्च हुने पैसाको सबैभन्दा ठूलो हिस्सा प्राप्त गर्छन् ।मेटाले सन् २०२३ को तेस्रो त्रैमासिकमा ३४ अर्ब डलर आम्दानी गरेको बताएको छ । यसमा नाफाको अंश ११ अर्ब ५० करोड डलर छ । अधिकांश आम्दानीलक्षित विज्ञापन सेवाहरूमार्फत भएको थियो । यही अवधिमा फेसबुकले 'डेटा संकलन' गरी कसरी दुरुपयोग गर्न सकिन्छ भन्ने पनि देखाएको छ । मेटालाई व्यक्तिगत डेटा दुरुपयोग गरेको आरोपमा कयौँपटक जरिवाना गरिएको छ ।

यीमध्ये सन् २०१४ को 'क्याम्ब्रिज एनालिटिका स्क्यान्डल'ले सबैभन्दा धेरै सार्वजनिक चर्चा बटुलेको थियो । फेसबुक यस स्क्यान्डल सुल्झाउन ७२ करोड डलरभन्दा बढी रकम तिर्न सहमत भएको थियो । सन् २०२२ मा फेसबुकले ईयूले लगाएको २६ करोड ५० लाख युरो जरिवाना तिरेको थियो । यो जरिवाना फेसबुकको साइटबाट व्यक्तिगत डेटा निकालेको कारण भराइएको थियो । गत वर्ष आयरिस डेटा संरक्षण आयोगले मेटा कम्पनीमाथि १.२ बिलियन युरो जरिवाना लगाएको थियो । यो जरिवाना युरोपेली प्रयोगकर्ताहरूको डेटा क्षेत्राधिकार बाहिर स्थानान्तरण गरेको कारण लगाइएको थियो । फेसबुकले जरिवानाविरुद्ध अपिल गरेको छ ।

**३) फेसबुकले इन्टरनेटलाई राजनीतिकरण गर्‍यो !**

फेसबुकले विज्ञापनलाई लक्षित समूहसम्म पुर्‍याउने सुविधा प्रदान गर्दछ । यसकारण फेसबुक विश्वभर चुनाव प्रचारको लागि एक प्रमुख प्लेटफर्म बनेको छ । उदाहरणका लागि सन् २०२० मा जब अमेरिकी राष्ट्रपतीय निर्वाचनका लागि पाँच महिना मात्र बाँकी थियो, तब तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको टोलीले फेसबुकको विज्ञापनमा चार अर्ब डलरभन्दा बढी खर्च गरेको थियो । यो तथ्यांक स्टेटिस्टा रिसर्चले सार्वजनिक गरेको थियो । तल्लो तहमा हुने राजनीतिलाई परिवर्तन गर्न पनि फेसबुकले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसले समूहहरूलाई एकै ठाउँमा आउन, अभियानहरू चलाउन र विश्वव्यापी योजना बनाउन स्वीकृति दिने गरेको छ । अरब क्रान्तिको समयमा फेसबुक र ट्विटरले विरोध प्रदर्शनहरू व्यवस्थित गर्न र समाचारहरू फैलाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । तर, केही नतिजाका कारण फेसबुकको राजनीतिक प्रयोगका सवालमा आलोचना पनि भइरहेको छ । मानव अधिकारमा परेको असर यसमा समावेश छ । सन् २०१८ मा फेसबुकले संयुक्त राष्ट्रसंघको एक प्रतिवेदनमा सहमति जनाएको थियो । उक्त प्रतिवेदनमा म्यानमारमा रोहिंग्याविरुद्ध हिंसा भड्काउने क्रममा प्रयोगकर्ताहरूलाई आफ्नो प्लेटफर्म प्रयोग गर्नबाट रोक्न फेसबुक असफल भएको उल्लेख गरिएको थियो ।

**४) फेसबुकमार्फत मेटाले प्रभुत्व जमायो**

फेसबुकको ठूलो सफलतामार्फत मार्क जुकरबर्गले सामाजिक सञ्जाल बनाए र प्राविधिक साम्राज्य खडा गरे । प्रयोगकर्ताको संख्या र यसको माध्यमबाट मेटालाई प्राप्त शक्ति अतुलनीय छ । फेसबुकले ह्वाट्सएप, इन्स्टाग्राम र ओकुलसजस्ता उदीयमान कम्पनीहरू किन्यो । यसलाई फेसबुकअन्तर्गत ल्याई सन् २०२२ मा कम्पनीको नाम परिवर्तन गरी मेटा राखिएको थियो । आज हरेक दिन तीन अर्बभन्दा बढीले आफ्ना कुनै न कुनै उत्पादनको प्रयोग गर्ने दाबी मेटाको छ । मेटा जब आफ्नो प्रतिस्पर्धीको कम्पनी किन्न असमर्थ हुन्छ, तब उसले उनीहरूमाथि आफ्नो नक्कल गरेको आरोप लगाउँछ । यसको उदेश्य एउटै छ- आफ्नो वर्चस्व कायम राख्नु । फेसबुक र इन्स्टाग्रामको 'डिसपियरिङ स्टोरिज' फिचर स्न्यापच्याटको महत्त्वपूर्ण फिचरसँग मिल्दोजुल्दो छ । टिकटकलाई चुनौती दिन मेटाले इन्स्टाग्राम रिल्स भिडियो सेयरिङ एप ल्याएको थियो ।

**अबको २० वर्षमा के होला ?**

फेसबुकको उदय र यसलाई निरन्तर प्रभावकारी बनाइराख्न सक्नुले मार्क जुकरबर्गको क्षमता दर्शाउँछ । तर, आगामी २० वर्षसम्म यसलाई सबैभन्दा लोकप्रिय सामाजिक सञ्जाल प्लेटफर्मको रूपमा कायम राख्नु भने जुकरबर्गका लागि सबैभन्दा ठूलो चुनौती हुनेछ । मेटा पछिल्ला दिन मेटाभर्स आइडियाको वरिपरि रही व्यापार गर्न कडा प्रयास गरिरहेको छ । एप्पल जस्ता प्रतिस्पर्धीहरू भन्दा अगाडि बढ्ने प्रयास मेटा गर्दै छ । मेटाले 'आर्टिफिसियल इन्टेलिजेन्स'लाई पनि उच्च प्राथमिकतामा राखेको छ । यी सबैका कारण आगामी दिन फेसबुकले कस्तो रूप लिन्छ र कति प्रभावकारी बन्छ भन्ने हेर्न बाँकी नै छ ।

# आइफोनमा एआई फिचर ल्याउँदै छ एप्पल

गुगल र सामसङले एआई फिचर भएका स्मार्टफोन ल्याइसकेका छन् । गुगल पिक्सेल ८ र सामसङ ग्यालेक्सी एस २४ सिरिजका अधिकांश फोनमा एआई फिचर छन् । एप्पलले अहिले सम्म आइफोनमा यी फिचर दिएको छैन । कम्पनीले पछिल्लो पटक ल्याएको फोनमा पनि यो फिचर समेटिन सकेन । तर एप्पलले छिटै नै आइफोनमा एआई फिचर दिन सक्ने देखिएको छ । जेनरेटिभ एआईमा सफ्टवेयर फिचरमा काम भइरहेको एप्पललका सीईओ टिक कूकले पुष्टि समेत गरेका छन् । यो फिचर यस वर्षको अन्त्य सम्ममा उपभोक्ताले पाउन सक्ने बताइएको छ । एप्पलले जेनरेटिभ एआईमा काम गरिरहेको भन्ने जानकारी आएको यो पहिलो पटक भने होइन । यस अघि कम्पनीले आईओएस १८ एप्पलको आईओएस हिस्ट्रीमा सबैभन्दा ठुलो अपडेट हुन सक्ने खबर आएको थियो । तर यसबारे कम्पनीले कुनै आधिकारिक जानकारी भने दिएको छैन । एप्पल स्मार्टफोन बजारमा शीर्ष फोन हो । बजारको ठुलो हिस्सा यसको पोल्टामा छ । आइफोनमा नयाँ इनोभेशन नहुँदा यसको बिक्री घट्न सक्छ । पछिल्लो समय अन्य ब्रान्डहरुले दाबोर्न मिल्ने फोन, फ्लिप फोन र एआई फिचर भएका फोनहरू ल्याइरहेका छन् । तर एप्पलले यस्ता फोन ल्याएको छैन । यस्तोमा सबै मुख्य प्रतिस्पधीले एआई फिचर भएका फोनहरू ल्याइसक्दा कम्पनी माथि दबाब बढेको छ । *-रातोपाटी डटकम*

# साइबर आक्रमण रोक्न सुरक्षा केन्द्र खोल्ने निर्णय



सरकारले राष्ट्रिय साइबर सुरक्षा केन्द्र खोल्ने निर्णय गरेको छ । १० माघको मन्त्रिपरिषद बैठकले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिसमा राष्ट्रिय साइबर सुरक्षा केन्द्रको संगठन संरचना पास गरेको छ । साइबर सुरक्षासँग सम्बन्धित निकायको नियमनकारी निकायको रूपमा काम गरी साइबर सुरक्षा केन्द्र स्थापना हुन लागेको हो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव बाबुराम भण्डारी राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० बमोजिम साइबर स्पेसको सुरक्षा र साइबर सुरक्षाका घटनाहरुको अनुगमन, पूर्वतयारी, रोकथाम, पहिचान र प्रतिकार्य सम्बन्धी काम प्रभावकारी रूपमा सम्पादन गर्न केन्द्र स्थापना गर्न लागिएको बताए । उनका अनुसार साइबर सुरक्षा केन्द्रलाई सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयका विविध सेवाका प्राविधिक सहसचिवले हेर्नेछन् । तर, केन्द्रको कार्यालयको नेतृत्व विविध सेवाकै उपसचिवले गर्नेछन् । स्वीकृत दरबन्दी अनुसार केन्द्रमा सेक्युरिटी अपरेसन हेर्ने २ जना कम्प्युटर अधिकृत हुनेछन् । ४ जना कम्प्युटर इन्जिनियर, ४ जना नेटवर्क एडि्मनिस्ट्रेसन हेर्ने कम्प्युटर अधिकृत, २ जना सेक्युरिटी हेर्ने कम्प्युटर अधिकृत पनि केन्द्रमा रहनेछन् । १ जना लेखा अधिकृत, १ जना कार्यालय सहयोगी र १ जना हलुका सवारी चालकको दरबन्दी पनि केन्द्रका लागि सिर्जना गरिएको छ ।

सरकारले पटक-पटक सरकारी तथा गैरसरकारी संघसंस्थाको प्रणालीमाथि साइबर आक्रमण बढेपछि राष्ट्रिय साइबर सुरक्षा नीति बनाएर साइबर सुरक्षा केन्द्र खोल्ने अवधारणा अघि सारेको थियो । सरकारको डाटा सेन्टरका रुपमा रहेको राष्ट्रिय सूचनाप्रविधि केन्द्रमा नै पटक-पटक भइरहेका आक्रमणका कारण सरकारी सर्भर डाउन भएर सेवाग्राही पटक-पटक पीडित बन्ने गरेका छन् । साइबर सुरक्षालाई ध्यानमा राखेर काम नगर्दा सरकारका विभिन्न महत्वपूर्ण र गोप्य तथ्यांक बाहिरिने जोखिम उच्च भएसँगै सरकारले प्रतिरोध गर्ने गरी निकाय नै खडा गर्न लागेको हो ।

**के काम गर्छ केन्द्रले ?**

नेपालमा विभिन्न अनलाइन तथा सूचना प्रविधि सम्बद्ध प्रणाली प्रयोग बढिरहँदा सर्वसाधारणदेखि सार्वजनिक तथा निजी संस्थाहरुसम्म साइबर आक्रमणको जोखिममा छन् । यसमा सुधार गर्ने गरी 'राष्ट्रिय साइबर सुरक्षा केन्द्र' स्थापना गर्न लागेको हो । सञ्चार प्रविधि प्रणालीहरू माथिको साइबर आक्रमणको जोखिम बढ्दै गएको र व्यक्तिगत तथा संस्थागत विवरणहरूको गोपनीयता एवम् तथ्यांक लगायत सूचनाप्रविधि प्रणाली सुरक्षाको विषय जटिल बन्दै गएपछि केन्द्र खोल्न लागिएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ । भरपर्दो सुरक्षित र उत्थानशील साइबर स्पेस निर्माणका लागि केन्द्रले काम गर्नेछ । विश्वव्यापी साइबर सुरक्षा सूचकांकमा अहिले नेपालको स्कोर ४४-९९ छ । सरकारले आगामी पाँच वर्षभित्र ६०, दश वर्षभित्र ७० र पन्ध्र वर्षभित्र ८० प्रतिशत पुर्याउने लक्ष्य राखेको छ । सुरक्षित साइबर स्पेस निर्माणका लागि कानुनी र संस्थागत व्यवस्था गर्ने, साइबर आक्रमणको जोखिम न्यूनीकरण गर्दै संवेदनशील राष्ट्रिय पूर्वाधार संरक्षण गर्ने, साइबर स्पेसलाई सुदृढ बनाउन साइबर सुरक्षा क्षेत्रमा जनशक्ति उत्पादन एवम कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि र साइबर सुरक्षा सम्बन्धी जोखिम न्यूनीकरणका लागि द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय, अनुभव एवम सहयोग आदानप्रदान गर्ने उद्देश्य सहित केन्द्रले काम गर्नेछ । संवेदनशील पूर्वाधार जोखिम आकलन तथा न्यूनीकरण एवम घटना प्रतिक्रिया योजनाहरूको निर्माण गरी कार्यान्वयन गर्ने, साइबर सुरक्षा प्रक्रियामा तयारी, संरक्षण, पहिचान, प्रतिक्रिया तथा पुनर्लाभ सम्बन्धी कार्ययोजना बनाएर काम गर्ने, राष्ट्रिय साइबर सुरक्षा रणनीतिको लागि प्राविधिक मार्ग दर्शनको विकास गर्ने, गुणस्तरीय सफ्टवेयर, हार्डवेयर, नेटवर्क डिभाइसको निर्माण, आयात तथा प्रयोग सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने लगायत काम पनि केन्द्र मार्फत हुनेछ । केन्द्र मार्फत सफ्टवेयर विकासकर्तालाई सफ्टवेयरको गुणस्तर एवम सुरक्षा सुनिश्चिततामा जिम्मेवार बनाउने देखि सफ्टवेयर आपूर्ति कर्तालाई आफूले आपूर्ति गरेको सफ्टवेयरको गुणस्तर एवम सुरक्षाको सुनिश्चितताका लागि जिम्मेवार बनाउने सम्मका योजना छन् ।

साइबर सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा न्यूनतम प्राविधिक मापदण्ड निर्माण गर्ने, साइबर सुरक्षा परीक्षणको मापदण्ड र परीक्षकको योग्यता निर्धारण गर्ने र विभिन्न उत्पादन वा सेवाहरू बीच अन्तरसञ्चालन र डाटा आदान-प्रदानलाई सहज बनाउन खुला मापदण्डहरूको प्रयोगलाई प्रोत्साहन गर्ने नीतिको कार्यान्वयन पनि केन्द्रले गर्नेछ । साइबर सुरक्षा सम्बन्धी अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्धन, जनचेतना अभिवृद्धि गर्ने काम पनि केन्द्रको जिम्मामा हुनेछ । साइबर सुरक्षा सम्बन्धी तयारी, रोकथाम, पहिचान, प्रतिक्रिया तथा पुनर्लाभ गर्न सम्पर्क निकायको रूपमा कार्य गर्न, डिजिटल फोरेन्सिक अनुसन्धान पनि केन्द्रले गर्नेछ । सूचना प्रविधि क्षेत्रको नियमन तथा सरकारी निकायहरूका लागि आवश्यक पर्ने सूचना प्रविधि प्रणालीको विकास एवम् नियमन गर्ने गरी सूचना प्रविधि विभागको क्षेत्राधिकार विस्तार गर्ने र साइबर सुरक्षा र साइबर अपराध अनुसन्धान सम्बन्धी विद्यमान संस्थाहरूको क्षमता अभिवृद्धिको काम पनि केन्द्रले गर्नेछ । केन्द्रले साइबर आक्रमणहरूबारे सूचना आदानप्रदान गर्न डिजिटल पूर्वाधार विकास तथा राष्ट्रिय आकस्मिक योजना तयार गरी काम गर्नेछ । नागरिकहरूको अनलाइन पहिचानको सुरक्षा तथा डाटा सुरक्षा सम्बन्धी व्यवस्था गर्ने, व्यक्तिगत वा संस्थागत तथ्यांकहरू संकलन, प्रशोधन, प्रयोग एवम् भण्डारण गर्ने निकायहरूमा भएका साइबर आक्रमण तथा प्रयोगकर्ताका डाटा हानि, नोक्सानी, तथा चोरी सम्बन्धी सूचना सार्वजनिक गर्न अनिवार्य गर्ने र साइबर सुरक्षा सम्बन्धी पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने काम पनि केन्द्रबाट हुनेछ । साइबर सुरक्षा विकासका सूचकहरूको निर्माण, परीक्षण एवम प्रमाणीकरण तथा सुरक्षा परिपक्वता मापनको नीतिलाई पनि केन्द्र मार्फत कार्यान्वयन गरिनेछ । नियामक पनि सुरक्षित र भरपर्दो बनाउने, सरकारी निकायहरूको एप्लिकेसन सफ्टवेयर र इमेलमा विद्युतीय हस्ताक्षर अनिवार्य गर्ने, विद्युतीय माध्यमबाट प्रवाह हुने डाटा सुरक्षित र भरपर्दो बनाउने, सार्वजनिक तथा सेवा प्रदायक निकायले प्रयोग गर्ने हार्डवेयर, सफ्टवेयर र नेटवर्कहरूको नियमित सुरक्षण परीक्षण गर्ने व्यवस्था मिलाउनेसहित विश्वसनीय र स्वदेशी सूचना तथा सञ्चारप्रविधि सम्बन्धी उत्पादनहरू खरिद तथा प्रयोगलाई प्रोत्साहित गर्ने काम पनि हुनेछ । 'इथिकल ह्याकिङ'लाई प्रोत्साहन गर्ने, साइबर सुरक्षा सम्बन्धी विषयलाई विद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्न समन्वय गर्ने, साइबर सुरक्षा सम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्न साइबर सुरक्षाको क्षेत्रमा कार्य गर्ने संघ-संस्थासँगको सहकार्यमा साइबर सुरक्षा फिनिसिङ स्कुलको व्यवस्था गर्नेसम्म योजनामा केन्द्रले काम गर्नेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्व विद्यालयहरूसँगको सहकार्यमा साइबर सुरक्षा सम्बन्धी दक्ष जनशक्ति उत्पादन, साइबर सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान तथा विकासका लागि विश्व विद्यालयहरूलाई प्रोत्साहित गर्ने, साइबर सुरक्षा क्षेत्रमा कार्यरत सार्वजनिक निकायका जनशक्तिको क्षमता अभिवृद्धिका लागि अन्तर्राष्ट्रिय मापदण्डअनुरूपका तालिमको व्यवस्था गर्ने र सार्वजनिक सेवामा छुट्टै साइबर सुरक्षा समूह खडा गर्दै सरकारी निकायहरूमा आवश्यकता अनुसार साइबर सुरक्षासँग सम्बन्धित दक्ष जनशक्ति व्यवस्था गर्नेसम्मका कामलाई केन्द्रले अघि बढाउने छ । सरकारले साइबर सुरक्षाबारे जनतामा पनि चेतना फैलाउने गरी नीति पनि लिएको छ । संवेदनशील सेवा प्रदायकहरू समेटिने गरी वार्षिक रूपमा राष्ट्रिय साइबर ड्रिल आयोजना गर्ने, साइबर असुरक्षाबाट जोगिन समुदाय स्तरसम्म चेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने लगायत योजनामा केन्द्र मार्फत नै काम हुनेछ । सार्वजनिक निजी साझेदारीको अवधारणाअनुरूप साइबर सुरक्षा पूर्वाधारहरूको विकास गर्ने, साइबर जोखिमलाई न्यूनीकरण गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने, साइबर सुरक्षा सम्बन्धी कार्य गर्ने संघसंस्थाहरूलाई प्रोत्साहन गर्ने, साइबर सुरक्षाको क्षेत्रमा कार्यरत संघ संस्थाहरूको नियमनको व्यवस्था मिलाउने र अन्तर्राष्ट्रिय सहकार्यका लागि एउटै सम्पर्क विन्दु तोक्ने लगायत नीतिहरु लिन केन्द्रले काम गर्नेछ । केन्द्रले साइबर सुरक्षा अभिवृद्धि, क्षमता अभिवृद्धि, सूचना आदान-प्रदान र पारस्परिक कानुनी सहयोगमा सहजीकरण एवम साइबर अपराध नियन्त्रण गर्न द्विपक्षीय एवम बहुपक्षीय समझदारी गर्ने र साइबर सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय एवम क्षेत्रीय सम्झौताहरूको कार्यान्वयन एवम बाध्यात्मक मापदण्डहरू लागू गर्नेछ । इन्टरनेट तथा सामाजिक सञ्जालमा भ्रामक र अनुपयुक्त जानकारी सम्प्रेषण गर्ने कार्यलाई नियन्त्रण गर्ने, अनलाइन उत्पीडन र साइबर बुलिङ सहित स्प्याम मेसेजहरूको सम्प्रेषणलाई नियमन तथा नियन्त्रण गर्नेसम्मका काममा केन्द्रले भूमिका खेल्नेछ ।

*-अनलाइन खबर डटकम*

# पुल बन्न थालेपछि विद्यार्थी र स्थानीय खुसी

**तुलसीपुर (दाङ),** माघ २२/दाङको बबई गाउँपालिका-२ ठूलाचौर गाउँका नागरिक वर्षाको समयमा ट्वाङखोलामा आउने भेलले सधैँ पीडित हुन्थे । वर्षायाममा आवागमन ठप्प हुँदा गाउँमै बस्नुपर्थ्यो तर अब गाउँलेका दुःखका दिन जाने पक्का भएको छ । लुम्बिनी प्रदेश सरकारको ४६ लाख लागतमा उक्त खोलामा झोलुङ्गे पुल निर्माण हुन थालेपछि स्थानीय खुसी भएका छन् ।

आगामी वैशाखमा सक्नेगरी झोलुङ्गे पुल निर्माण सुरु भएको प्रदेशका अर्थमन्त्री धनबहादुर मास्कीले बताए । घुरिनडाँडा-ठुलचौर जोड्ने गरी झुलुङ्गे पुल निर्माण सुरु भएको हो । ठूलाचौरमा करिब २० घर छन् । यहाँका करिब ३५ जना विद्यार्थी नियमित उक्त पुलको बाटो भएर विद्यालय जाने गरेका छन् । पुल नहुँदा विद्यार्थीहरु वर्षायाम पढ्नबाट बञ्चित हुन्छन् । 'गाउँमा कोही बिरामी परे पनि कसरी अस्पतालसम्म लैजाने भन्ने चिन्ता हुन्छ । वारी विद्यालय, पारी गाउँ छ', स्थानीय गंगाराम विकले भने 'पुल नहुँदा वारीबाट पारी हेर्ने मात्रै हुन्छ, पुग्न सकिदैन ।' पुल बन्ने भएपछि खुसी मिलेको उनको भनाइ थियो । वर्षा याममा खोलाले यहाँको दुई गाउँलाई अलग गराउने स्थानीय बताउँछन् । बबई-२ मा पर्ने ठूलाचौरका नागरिक वर्षामा वारिपारि गर्न सक्दैनन् । 'विद्यार्थी पनि वर्षाभरि विद्यालय जान पाउँदैनन् । पानी पर्न थालेपछि विद्यालय जान नसकेर सबै घरमा बस्न बाध्य हुन्छन्', स्थानीय दिला विश्वकर्माले भने । खोलामा पुल नुहुँदा यसरी वर्षेनी समस्या भोग्नु परेको उनको भनाइ थियो । पुल निर्माण भइरहेको भन्दै समयमै सम्पन्न भए वर्षामा आवागमन सहज हुने उनले बताए । *-रासस*



# सडक बन्द गरिएकोमा काँग्रेस सभापति श्रेष्ठको आपत्ति

**पाल्पा,** माघ २२/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले पूर्व तयारी बिना तानसेन-रानीमहल सडक बन्द गरिएकोमा आपत्ति जनाएका छन् । 'समुदायमा काँग्रेस' अभियान अन्तर्गत तानसेनको छर्लुङ्गमा भएको कार्यक्रममको अनुगमनमा पुगेका सभापति श्रेष्ठले सडकको स्थलगत अवलोकन गर्दै पूर्व तयारी बिना सडक बन्द गरेर यात्रुलाई सास्ती भएको भन्दै आपत्ति जनाएका हुन् ।

उनले सडकमा अहिले कुनै पनि काम नभएको तर ढुवानीका सामान मात्र राखिएकाले तयारी गरेर मात्र सडक बन्द गरिनुपर्ने बताएका छन् । सभापति श्रेष्ठले एनजेडीसँगको कुराकानीमा भने 'अहिले सडकमा कुनै पनि काम भएको देखिदैन, त्यहाँ निमार्णका लागि आवश्यक सामाग्री मात्र राखिएको छ, त्यो त सडकको एक छेउमा राखेर भए पनि सडक सञ्चालन गर्न सकिन्छ तर त्यसो गरिएको छैन ।' सडकको ढलान, मर्मत र स्तरोन्नतीको कार्य गर्न भन्दै माघ १७ गतेदेखि २०८० चैत्र ५ गतेसम्मका लागि पूर्ण रुपमा २४ सै घण्टा सडक बन्द गरिएको छ । सडक निर्माणको कुनै तयारी नगरिकन बाटो बन्द गर्दा पर्यटकीयस्थल रानीमहल पुग्ने पर्यटकहरु समेत समस्यामा परेको भन्दै सभापति श्रेष्ठले प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेलाई ध्यानाकर्षण समेत गराएका छन् । उनले तयारी पुरा गरेर मात्र सडक बन्द गर्नुपर्ने भन्दै प्रमुख जिल्ला अधिकारीलाई मौखिक ध्यानाकर्षण गराएको बताए ।

माघ १२ गते जिल्ला प्रशासन कार्यालय पाल्पामा प्रमुख जिल्ला अधिकारी काफ्लेको अध्यक्षतामा बसेको सडक सुरक्षा समितिको बैठकले निर्माण व्यवसायीबाट निर्माण कार्यका लागि सडक बन्द गरेर सहज गरिदिन आग्रह गरे बमोजिम सो सडक बन्द गर्ने निर्णय गरेको थियो ।




# मतदाता नामावलीमा छुटेकालाई नाम दर्ता गर्न आह्वान

**पाल्पा,** माघ २२/ निर्वाचन आयोगले मतदाता नामावलीमा छुटेका योग्य नेपाली नागरिकलाई आफ्नो नाम दर्ता गर्न आह्वान गरेको छ ।

विभिन्न कारणले मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका देशभरका नागरिकका साथै विशेषगरी पद रिक्त भएका सम्बन्धित स्थानीय तह, प्रदेशसभा निर्वाचन क्षेत्र र प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका योग्यता पुगेका नागरिकलाई उपनिर्वाचनको मिति घोषणा हुनुपूर्व नै मतदाता नामावलीमा नाम दर्ता गर्न आयोगले आग्रह गरेको हो । विभिन्न तहमा रिक्त पदमा उपनिर्वाचनद्वारा पदपूर्ति गर्न नेपाल सरकारसँग परामर्श गरी उपयुक्त समयमा कानुनबमोजिम उपनिर्वाचनका लागि मिति तोक्ने गरी आन्तरिक तयारी प्रारम्भ गरिएको आयोगले जनाएको छ ।

गत २०७९ वैशाख १० गते स्थानीय तह निर्वाचन तथा २०७९ मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भएपश्चात् विभिन्न स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य गरी २३ पद रिक्त भएको थियो । मतदाता नामावली ऐन, २०७३ को दफा ४ ९२० बमोजिम निर्वाचनको मिति तोकिएपछि सोही मितिदेखि उक्त निर्वाचन प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य स्थगित गर्नुपर्ने कानुनी व्यवस्था छ । आयोगले नियमितरूपमा प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमार्फत मतदाता नामावली दर्ता गर्ने कार्य गर्दै आएको छ । साथै नागरिकको सहजताका लागि बाह्य जिल्लाबाट मतदाता नामावली दर्ता गर्न सकिने सुविधासमेत उपलब्ध गराएको छ ।

## खेलकुद समाचार

# श्रीलङ्काले अफगानिस्तानलाई हरायो



**काठमाडौं,** माघ २२/ अफगानिस्तानसँगको एकमात्र टेस्ट क्रिकेटमा श्रीलङ्का १० विकेटले विजयी भएको छ । अफगानिस्तानले दिएको ५६ रनको सामान्य लक्ष्य श्रीलङ्काले चौथो दिनको खाना समयपछि ४४ बलमै भेटायो । श्रीलङ्काका दिमुथ करुनारत्नेले ३२ र निशान मदुश्काले २२ रन बनाए ।

अफगानिस्तान दोस्रो इनिङ्समा २ सय ९६ रन बनाउँदा अल आउट भएको थियो । अफगानिस्तानका इब्राहिम जद्रानले शतक र रहमत शाहले अर्धशतक रन बनाए । श्रीलङ्काका प्रभात जयसूर्याले ५ विकेट लिए । यसअघि कोलम्बोमा टस हारेर ब्याटिङ गरेको अफगानिस्तान पहिलो इनिङ्समा १ सय ९८ रनमा समेटियो । अफगानिस्तानका रहमत शाहले ९१ रन बनाए । श्रीलङ्काका विश्व फर्नान्डोले ४ विकेट लिए । श्रीलङ्काले पहिलो इनिङ्समा ४ सय ३९ रन बनाएको थियो । श्रीलङ्काका एन्जेलो म्याथ्युज र दिनेश चन्डीमालले शतक बनाए । यस्तै दिमुथ करुनारत्नेले अर्धशतक बनाए । अफगानिस्तानका नवीद जद्रानले ४ विकेट लिए । यी दुईबीच तीन खेलको एकदिवसीय र तीन खेलको टी-२० क्रिकेट शृङ्खला पनि हुनेछ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक दोहोरो अंकले बढ्यो



**पाल्पा,** माघ २२/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोस्रो दिन दोहोरो अंकले बढेको छ । यो साता कारोबारको पहिलो दिन सामान्य अंकले घटेको नेप्से सोमबार १४ दशमलव ५७ अंकले बढेको हो ।

परिसूचक बढेसँगै दुई हजार ७६ दशमलव २७ को विन्दुमा कायम भएको छ । सो अवधिमा शेयर बजारमा भएको कारोबार रकम दुई अर्ब ४३ करोड ८० लाख ५८ हजार दुई सय ५४ बराबर छ । तीन सय १० कम्पनीको ७४ लाख ९१ हजार तीन सय तीन कित्ता शेयर ५६ हजार सात सय ७६ पटक किनबेच भएको हो । होटल तथा पर्यटन समूह शून्य दशमलव २०, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ०९, म्युचुअल फन्ड शून्य दशमलव ०६ र निर्जीवन बीमा समूह शून्य दशमलव ४१ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको १८ करोड ५९ लाख पाँच हजार १४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने डादी पावर लिमिटेडको चार लाख ४७ हजार छ सय ६७ कित्ता किनबेच भएको छ ।

सबैभन्दा धेरै अन्य समूहको उपसूचक चार दशमलव ६८ प्रतिशतले बढेको छ । नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र पिपुल्स पावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा छ दशमलव ७८ प्रतिशतको गिरावट देखिएको छ ।

## क्यान्सरबाट बचौं, स्वस्थ रहौं

**क्यान्सर रोगका कारण:**

- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदुषित वायुमण्डल,
- तारेको, झानेको तथा फाष्ट फूड एवं जंकफूड लगायत
- अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ ।

**यसबाट बच्न,**

- पान, सुपारी, गुट्रुका, चुरोटल गायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जी लगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, झानेका तथा फाष्ट फूड एवं जंकफूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारिरीक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं ।

***स्वस्थ्य रहौं, दीर्घ जीवनयापन गरौं ।***

नेपाल सरकार

**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट शितलपाटी.कम www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई